कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
**प्रदेश कार्यक्रम कार्यान्वयन इकाई**

# नवप्रवर्तन साझेदारी कोष मार्फत परियोजना सञ्चालनको लागि पूर्ण प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना

**(प्रथम पटक सुचना प्रकाशित मितिः २०७८।११।२८)**

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (**PLGSP**) अन्तरगतको नवप्रवर्तन साझेदारी कोषबाट नवीन सोच, अवधारणा तथा प्रविधिको माध्यमबाट भिन्न तरिकाले सार्वजनिक सुशासन, स्थानीय आर्थिक विकास र सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, दक्ष र प्रभावकारी बनाउन नयाँ प्रविधि, ज्ञान, विधि, तौरतरिका, सीप तथा अवधारणासम्वन्धी नवप्रवर्तनीय परियोजनाहरू सञ्चालन गर्न मिति २०७८।१०।२१ गते प्रकाशित सूचनावमोजिम पेश हुन आएका अवधारणापत्रहरु मध्ये देहायका स्थानीय तहहरुले पेश गरेका अवधारणापत्रहरु ग्राह्य भएकोले नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा ६ को उपदफा (३) वमोजिमको अनुचूची-३ को ढाँचामा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस ईकाईमा परियोजना पूर्ण प्रस्तावको सक्कलै प्रति वा यस इकाईको इमेल ठेगाना **www.ppiu.karnali@plgsp.gov.np** मा प्रमाणित प्रति पेश गर्नुहुन नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा ६ को उपदफा (३) वमोजिम यो सार्वजनिक सूचना आह्वान गरिएको छ। साथै सो प्रस्तावको पूर्ण विवरण **ipf.plgsp.gov.np** को वेव सिस्टममा समेत प्रविष्ट गर्न गराउनहुन समेत सूचित गरिन्छ ।

नवप्रवर्तन साझेदारी कोष तथा परियोजना पुर्ण प्रस्ताव आह्वान सम्बन्धी विस्तृत जानकारी र कार्यविधि इकाईको सूचनापाटी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णालीको वेवसाइट **https://www.ocmcm.karnali.gov.np** र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको वेवसाईट **https://plgsp.gov.np** मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

| दर्ता न | स्थानीय तहको नाम | प्रस्तावित परियोजनाको नाम |
|---|---|---|
| १ | पन्चपुरी नगरपालिका, सुर्खेत | भेरी कर्णाली जलपर्यटन आयोजना |
| २ | वीरेन्द्रनगर नगरपालिका, सुर्खेत | सामुदायिक पशुपालन तथा पर्यावरणीय आयअर्जनका लागि गौशाला व्यवस्थापन |
| ६ | शारदा नगरपालिका, सल्यान | वालकेन्द्रित शिक्षा मार्फत पठन सीपमा सुधार |
| १० | कनकासुन्दरी गाँउपालिका, जुम्ला | विध्यालयमा सूचना प्रविधि तथा ल्याव मार्फत् शैक्षिक गुणस्तर सुधार परियोजना |
| ११ | नारायण नगरपालिका, दैलेख | फलफूल प्रवर्दन तथा विषेश जातको पंक्षीपालन साथै होमस्टे सन्चालन |
| १२ | छायानाथ रारा नगरपालिका, मुगु | स्थानीय सरकारको डिजिटल अभिलेखीकरण तथा प्रतिवेदन |
| २१ | दुल्लू नगरपालिका, दैलेख | स्वच्छ नगरपालिका, स्वस्थ नागरिक र स्थानीय रोजगारीका लागि फोहरलाई मोहर कार्यक्रम |
| २२ | दुल्लू नगरपालिका, दैलेख | एकिकृत वस्ति विकास, जग्गा एकीकरण तथा शहरी पुनरुत्थान योजना |
| २५ | दुल्लू नगरपालिका, दैलेख | पन्चकोशी क्षेत्रको संरक्षण, प्रवर्दन तथा विकास सम्वन्धी परियोजना |
| २६ | भगवतिमाइ गाँउपालिका, दैलेख | भगवतीमाइ गाँउपालिकाको सस्थागत विकास र सुशासन प्रवर्दन |
| २७ | वारेकोट गाँउपालिका, जाजरकोट | हाम्रो गाँउपालिका डिजिटाईजेसन परियोजना |
| २९ | मुगुकार्मारोग गाँउपालिका, मुगु | पर्यावरण तथा पर्यटन प्रवर्दन मार्फत् आत्मनिर्भर परियोजना |
| ३५ | मुसिकोट नगरपालिका, रुकुम पश्चिम | सूचना प्रवीधि विकास, वाल विकास र फोहरमैला व्यवस्थापन कार्यक्रम |

थप जानकारी तथा सम्पर्कः
**प्रदेश कार्यक्रम कार्यान्वयन इकाई,**
वुलवुले चोक, वीरेन्द्रनगर, सुर्खेत (साविकको महिला विकास प्रशिक्षण केन्द्र)
फोन नं. ०८३-५२०५२९, इमेलः ppiu.karnali@plgsp.gov.np
श्री हाँसा कुमारी मल्ल, कानून तथा शासन विज्ञ, ९८५८३२०४४४, ई. जनक भट्टराई, नवप्रवर्तन साझेदारी कोष विज्ञ, ९८४९९४३९६९,

प्रदेश कार्यक्रम कार्यान्वयन इकाई, वीरेन्द्रनगर, सुर्खेत

कार्यक्रम व्यवस्थापक